# सम्पत्ति कर नियमहरू, २०१७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१७।७।१५

संशोधन

सम्पत्ति कर (पहिलो संशोधन) नियमहरु, २०७०    २०७०।१।३०

सम्पत्ति कर ऐन, २०१७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सम्पत्ति कर नियमहरू, २०१७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः-

(क) "ऐन" भन्नाले सम्पत्ति कर ऐन, २०१७* सम्झनु पर्छ ।

(ख) "करदाता" भन्नाले ऐन बमोजिम सम्पत्ति कर लाग्ने शहरी क्षेत्रको घर जग्गा वा विदेशी लगानीको धनी सम्झनु पर्छ ।

(ग) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ ।

(२) यी नियमहरूमा प्रयोग गरिएका तर परिभाषा नगरिएका शब्द तथा वाक्यांसको अर्थ ऐनमा दिए बमोजिम हुनेछ ।

३. **विवरण दाखिल गर्नुपर्नेः** (१) करदाताले शहरी क्षेत्रको घर जग्गाको विवरण अनुसूची (क) बमोजिमको ढाँचामा र विदेशी लगानीको विवरण अनुसूची (ख) बमोजिमको ढाँचामा दाखिल गर्नु वा गराउनु पर्छ कुनै सालको अनुसूची (क) वा अनुसूची (ख) बमोजिमको ढाँचामा कुनै घर जग्गा वा विदेशी लगानीको विवरण दाखिल गरी वा गराइसेकका करदाताले सो विवरण बमोजिमको सम्पत्तिमा कुनै

* हाल सम्पत्ति कर ऐन, २०४७

थपघट भएमा बाहेक सालसालै विवरण दाखिल गर्दा अनुसूची (ख) वा अनुसूची (ख) बमोजिमकै विवरण दाखिल नगरी साविकमा दिएको विवरण कायम भनी रीतपूर्वकको लिखित सूचनासम्म दिनु पर्याप्त हुनेछ ।

(२) कुनै सालको विदेशी लगानीको विवरण दाखिल गर्दा सरकारी सेक्युरिटी, शेयर, बैंक एकाउन्टेण्ट र अरू किसिमको नगदी लगानीको सो साको श्रावण १ गतको बजार भाउ र घर जग्गाको तत्स्थानको ◈गाउँ विकास समिति वा नगरपालिकाले निर्धारित गरेको किराया दर (रेण्टल भ्यालु) समेत प्रमाण सहित पेश गर्न वा गराउनु पर्छ ।

(३) साधारणतः नेपाल ▣...... बसोबास गर्ने करदाताले त्यस्तो विवरण उपत्यका पूर्वाञ्चलका सम्पत्ति कर अधिकृत छेउ दाखिल गर्नु वा गराउनु पर्छ ।

४. **घर जग्गा मूल्याङ्कन समितिको गठनः** (१) नेपाल सरकारले ऐनको प्रयोजनको निमित्त ऐन अन्तर्गत तोकिदिएका हरेक शहरी क्षेत्रको निमित्त समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सरकारी र गैर-सरकारी सदस्यहरू भएको एउटा घर जग्गा मूल्याङ्कन समिति (यसपछि "समिति" भनिएको) गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) अन्तर्गत गठन भएको समितिमा कमसेकम एकजना सरकारी वा गैर-सरकारी इञ्जिनियर वा ओभरसियर सदस्य रहने छ ।

(३) उपनियम (१) अन्तर्गत गठन भएको कुनै समितिको यो ऐन अन्तर्गतको काम सकिएपछि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो समितिलाई खारेज गर्नेछ ।

---

◈ पहिलो संशोधनद्वारा संशोधित ।

▣ पहिलो संशोधनद्वारा झिकिएको ।

५. **घर जग्गाको मूल्याङ्कन सूची तयार गर्ने**ः (१) शहरी क्षेत्रको घर जग्गाको मूल्याङ्कन गर्नको लागि समितिले देहायमा लेखिएको सिद्धान्तको आधारमा मूल्याङ्कन आँकडा नेपाल सरकारमा पेश गर्नको लागि देहायको काम कर्तव्य गर्नेछः-

(क) सम्बन्धित शहरी क्षेत्रभित्र नयाँ घर बनाउँदा तत्काल लाग्ने मालसामानको मोल तथा कर्मी ज्यामी ज्याला र घर बनाउनलाई चाहिने अरु कुरा समेतको विचार गरी प्रतिवर्ग फूट के कति खर्च लाग्छ । सम्पूर्ण शहरी क्षेत्रको निमित्त त्यसको औसत लागत खर्चको आँकडा अनुसूची (ग) मा लेखिए बमोजिम तयार गर्ने ।

(ख) सम्बन्धित शहरी क्षेत्रको व्यापारिक स्थिति, शिक्षण संस्था, पानी, विजुली मनोरञ्जनको साधन, ढल जस्ता गार्हस्थ्य जीवनको आधुनिक सुविधाहरूको आधारमा सम्पूर्ण शहरी क्षेत्रलाई आवश्यक अञ्चलमा विभाजित गरी ती अञ्चलहरूमध्ये सबभन्दा कम महत्वको अञ्चलमा खण्ड (क) बमोजिम तयार भएको औसत लागत खर्च कायम गरी बाँकी अरू अञ्चलमा रहेको घरहरूलाई कति प्रतिशतको हिसावले थप्नु पर्ने हो यकीन गरी अनुसूची (घ) मा लेखिएबमोजिम तालिका सूची तयार गर्ने ।

(ग) कुनै सडकको दायाँ बायाँको घर गल्लीभित्रको घरहरूभन्दा बढी मोल हुने शहरको मुख्य सडकमा रहेका घरका सबभन्दा बढी मोल हुने हुँदा यस्ता महत्वपूर्ण र मुख्य मुख्य सडकको नाम समेत दिई त्यसको अगल बगल रहेको घरहरूलाई खण्ड (ख) मा उल्लेख भएको औसत



नेपाल कानून आयोग

लागत खर्चमा कति प्रतिशत बढी थप्नु पर्ने हो यकीन गरी अनुसूची (ङ) मा लेखिए बमोजिम तालिका सूची तयार गर्ने ।

(घ) खण्ड (क), (ख), (ग) मा उल्लेख भए बमोजिमको तालिकाको आधारमा नयाँ घरको मोल कायम हुने आएपछि स्थानीय आवहवा र अरु परिस्थितिमा समेतको विचार गरी पुरानो घरको निमित्त (क) बमोजिमको आँकडाको साल एकको कति प्रतिशतसम्म टुटफुट अङ्क मिनाहा (डिप्रिसिएसन) दिनु पर्ने र यो किसिमको मिनाहा कति सालसम्म दिनु पर्ने हो सो कुराको यकीन गरी अनुसूची (च) मा लेखिए बमोजिम तालिका सूची तयार गर्ने ।

(ङ) घरसँग जग्गा भएमा सो घरको महत्वको हिसाबबाट खण्ड (क), (ख) र (ग) को सिद्धान्त अनुसार त्यस्ता जग्गाको पनि औसत मोल अञ्चल महत्व तथा सडक महत्त्व आँकडा तयार गर्ने ।

(२) खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेख गरेको तरीकाबाट घर जग्गाको मोल कायम गरी हुन आएको रकम त्यस्तो घर जग्गाको मोल कायम मानिने छ र समितिले सो सबै विवरण खोली श्री ५ को सरकार छेउ प्रतिवेदन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको आँकडा र मूल्याङ्कन गरिएको घर जग्गाको मोलमा नेपाल सरकारले केही हेरफेर गर्न चाहेमा सो समेत गरी

उक्त शहरी क्षेत्रको घर जग्गाको मूल्याङ्कन नेपाल राजपत्रमा प्रकाशित गरिदिनेछ ।

(४) उपनियम (३) अन्तर्गत नेपाल राजपत्रमा प्रकाशित गरिएको मूल्याङ्कनको सूचीलाई नेपाल सरकारले अर्को आदेश नदिएमा सो प्रकाशित भएको मितिले ५ वर्षसम्मलाई मान्यता दिइनेछ ।

६. **सम्पत्तिको मूल्याङ्कन र सम्पत्ति कर निर्धारणः** (१) नियम ३ बमोजिम कुनै करदाताको घर जग्गाको विवरण प्राप्त भएपछि कर अधिकृतले नियम ५ को उपनियम (३) बमोजिम नेपाल सरकारले प्रकाशित गरेको मूल्याङ्कन सूची बमोजिम त्यस्तो घर जग्गाको मूल्याङ्कन अनुसूची (छ) बमोजिम गर्नेछ ।

तर रजिष्ट्रेशन पास भै खरीद विक्री भएको कुनै घर जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेशन पास भएको मोलको अङ्क उप-नियम (१) बमोजिमको मूल्याङ्कन अङ्कभन्दा बढी भएमा सो रजिष्ट्रेशन पास भएको मोलको अङ्क नै कायम मान्नु पर्छ ।

(२) विदेशी लगानीको मूल्याङ्कन गर्दा करदाताले पेश गरेको बजार भाउ र किराया दर (रेण्टल भ्याल्यू) बारे आवश्यक परेमा सम्बन्धित मुलुकसंग लेखापढी गरी उक्त दरभाउ प्रमाणित गराई त्यसको आधारमा सम्पत्ति कर अधिकृतले त्यस्तो विदेशी लगानीको मूल्याङ्कन अनुसूची (ज) बमोजिम गर्नेछ ।

(३) सम्पत्ति कर अधिकृतले उप-नियम (१) बमोजिम कुनै घर जग्गाको वा उप-नियम (२) बमोजिम कुनै विदेशी लगानीको मूल्याङ्कन गरिसकेपछि सोही मूल्याङ्कन बमोजिम सम्पत्ति करको अङ्क निर्धारण गर्नेछ । सम्पत्ति कर निर्धारण आदेशमा सम्पत्ति कर कसरी निर्धारित गरिएको छ छोटकरीमा स्पष्ट विवरण दिनपर्छ ।

नेपाल कानून आयोग

७. **<u>करको भुक्तानीः</u>** नियम ६ बमोजिम कुनै व्यक्तिको घर जग्गा वा विदेशी लगानीमा लाग्ने सम्पत्ति करको अङ्क निर्धारण गरिसकेपछि सम्पत्ति कर अधिकृतले निजकमा नेपाल राष्ट्र बैंक भए सो बैंकको र नभए माल अड्डामा सो निर्धारित अङ्क दाखिल गर्नु भनी चलानीका साथमा सो व्यक्तिलाई कर निर्धारण आदेश दिनुपर्छ र त्यसको लिखित सूचना सो बैंक वा मालअड्डालाई पनि दिनुपर्छ । आदेश बमोजिम करको रकम दाखिल भएपछि बैंक वा मालअड्डाले त्यसको एकप्रति रसीद सम्पत्ति कर अधिकृत कहाँ पठाइदिनुपर्छ । म्यादभित्र सम्पत्ति करको रकम दाखिल नभएमा सम्पत्ति कर अधिकृतले ऐन बमोजिम सम्बन्धित सम्पत्ति धनीबाट जायदाद गरी असूल उपर गर्न सम्बन्धित मालअड्डालाई सूचना पठाउनु पर्छ ।

८. **<u>ऐनको दफा १२ बमोजिम दिएको सूचनाको जाँचबुझ गर्नेः</u>** (१) ऐनको दफा १२ बमोजिम कुनै व्यक्तिले सम्पत्ति कर अधिकृत छेउ सूचना दिएकोमा सम्पत्ति कर अधिकृतको सूचना अनुसार वा आफै उपस्थित हुन आएमा सम्पत्ति कर अधिकृतले सनाखत गरी निजसंग रहेको सबूद प्रमाण सबै बुझ्नेछ । निज उपस्थित हुन नआएमा सम्पत्ति कर अधिकृतले आफ्नो मातहतको सम्पत्ति कर इन्सपेक्टरद्वारा बुझ्न लगाउन सक्नेछ । यसरी बुझि आएको व्यहोराबाट कारबाई चलाउन पर्ने भन्ने सम्पत्ति कर अधिकृतको विचारमा लागेमा निजले आवश्यक करबाई चलाउने छ । कारबाई चलाउनलाई पर्याप्त सबूद प्रमाण छैन भन्ने लागेमा छोटकरीमा आफ्नो ठहर व्यक्त गरी आफ्नो कार्यालयमा रेकर्ड राख्नुपर्छ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त हुन आएको सूचना बमोजिमको कुरा साँचो ठहरी सो बमोजिम कर असूल उपर भएमा ऐन बमोजिम पाउने इनाम दिनालाई सम्पत्ति कर अधिकृतले कर विभागको डाइरेक्टर मार्फत् प्रतिवेदन पेश गर्नेछ ।

(३) कुनै व्यक्तिले एक पटक सूचनासम्म दिई पछि बोलाएको बखत सम्पत्ति कर अधिकृत कहाँ उपस्थित हुन आएन वा कुनै सबूद प्रमाण पनि पेश गरेन भने सो सूचना पूरा भएको मानिने छैन र त्यस्तो व्यक्ति इनामको भागी हुने छैन ।

९. **ऐनको दफा ८ अन्तर्गत मूल्याङ्कन र सम्पत्ति करको निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरूः** सम्पत्ति कर अधिकृतले ऐनको दफा ८ अन्तर्गत कुनै व्यक्तिको घर जग्गा र विदेशी लगानीको मूल्याङ्कन र त्यसमा सम्पत्ति करको निर्धारण गर्दा सकभर निम्नलिखित कुराहरूको बिचार राख्नु पर्छः-

(क) कर इन्स्पेक्टर वा अरु कसैको गोप्य प्रतिवेदन परेको भए सो प्रतिवेदन, र

(ख) कर इन्स्पेक्टर वा अरु कसैद्वारा त्यस्ता घर जग्गाको कुनै नाप नक्शा वा सरजमीन मुचुल्का प्रस्तुत भएको भए सो नाप नक्शा वा सरजमीन मुचुल्का ।

१०. **सम्पत्ति कर माफी गराउनेः** (१) औषधालय, देवालय, पाटी, पौवा, धर्मशाला, पब्लिक स्कूल, अनाथालय, परोपकारी तथा धर्म कार्यमा लगाइएका घर, जग्गा बहालमा लिएको नभै सो कार्य गर्ने व्यक्ति वा संस्थाको निजी सम्पत्ति रहेछ र सो कार्य वा घर जग्गाबाट कुनै आम्दानी आउने भए पनि सो आम्दानी त्यस्ता कार्यमा लागी आएको छ भने त्यस्तो घर जग्गामा सम्पत्ति कर माफी गराउन चाहने व्यक्तिले ◈प्रमुख जिल्ला अधिकारी मार्फत् नेपाल सरकारमा सप्रमाण आवेदनपत्र पेश गर्नुपर्छ । त्यस्ता कुनै आवेदनपत्र दाखिल भएकोमा त्यसमा लेखिए बमोजिमको कुरा साँचो हो होइन बुझी ◈प्रमुख जिल्ला अधिकारीले आफ्नो

◈ पहिलो संशोधनद्वारा संशोधित ।

ठहर राय सहित सो आवेदनपत्रलाई नेपाल सरकारको अर्थ मन्त्रालयमा पेश गर्नुपर्छ ।

(२) उपरोक्त कार्यमा लगाइएका घर जग्गामा सो कार्य गर्ने व्यक्ति वा संस्थाको निजी सम्पत्ति नभई बहालमा बसिआएको भए यस्ता घर जग्गाको लाग्ने सम्पत्ति कर माफी हुने छैन । बहाल लिने व्यक्तिले दिनु पर्छ ।

(३) भत्की बिग्री बस्न नहुने भएको घरको हकमा त्यसको धनीले सो कुराको सूचना प्रत्येक साल सम्पत्ति कर अधिकृत छेउ दाखिल गर्नु पर्छ । सम्पत्ति कर अधिकृतले सरजमीन बुझी साँचो देखेमा १ वर्षसम्म लगातार सम्पत्ति कर माफी गर्न सक्नेछ । त्यस्ता सालदेखि नेपाल सरकार अर्थ मन्त्रालयमा प्रतिवेदन गरी निकासा भए बमोजिम गर्नुपर्छ ।

**११. <u>सम्पत्ति कर डाइरेक्टरले गर्ने</u>:** नेपाल ⌘....... बसोबास गरेका कुनै करदाताले आफ्नो घर जग्गा भएको इलाका सम्पत्ति कर अधिकृतद्वारा घर जग्गा र विदेशी लगानीको मूल्याङ्कन कर निर्धारण गराउन चाहेमा सम्पत्ति कर डाइरेक्टर सो इलाकाको सम्पत्ति कर अधिकृतद्वारा कारबाई गराउन सक्नेछ ।

**१२. <u>अन्य काम</u>:** (१) सम्पत्ति कर अधिकृतले आफ्नो अञ्चलको सदरमुकाममा काम सकिएपछि आफ्नो सालभरको रुटिन अनुसार अञ्चलका विभिन्न स्थानमा मुकाम गरी कर निर्धारण र दाखिलको आदेश दिनेछ ।

(२) सम्पत्ति कर अधिकृत नभएका इलामामा बस्ने करदाताले जिल्लाको ◈<u>जिल्ला प्रशासन कार्यालय</u> वा माल अड्डामा ऐन वा सो नियम बमोजिमको विवरण दाखिल गर्न सक्नेछ । त्यस्तो अड्डामा कर सम्बन्धी काम गर्ने एक वा एकभन्दा बढी कर्मचारी रहन सक्नेछन् । निजले कर निर्धारण र असूल गर्ने वाहेक कर

---

⌘ पहिलो संशोधनद्वारा झिकिएको ।

◈ पहिलो संशोधनद्वारा संशोधित ।

सम्बन्धी अरु काम गर्नेछ । निज अञ्चल सम्पत्ति कर अधिकृतका मातहतमा रहनेछ ।

(३) कर तिर्नु पर्ने भन्ने लागेका करदाताहरूको तथ्याङ्क संकलन गर्नु सम्पत्ति कर अधिकृतको आदेश बमोजिम सरजमीन जाँचबुझ गर्नु र सम्पत्ति कर अधिकृतले लाए अह्राएको कर सम्बन्धी अरु काम गर्नु कर इन्स्पेक्टरको कर्तव्य हुनेछ । निजसंग आफ्नो फोटो भएको सम्पत्ति कर डाइरेक्टर वा अञ्चल सम्पत्ति कर अधिकृतले दस्तखत गरी राखेको परिचयपत्र रहने छ ।

(४) कर कार्यालयमा रहनुपर्ने रजिष्टरको ढाँचा सम्पत्ति कर डाइरेक्टरले तोकिदिने छन् ।

१३. **दण्ड जरिवानाको रकम असुल गर्नेः** सम्पत्ति कर अधिकृतले ऐन अन्तर्गत कुन व्यक्तिलाई दण्ड जरिवाना तोकेकोमा सो दण्ड जरिवानाको रकम सो व्यक्तिबाट असुल गर्ने इलाका माल अड्डामा लेखी पठाउनु पर्छ इलाका माल अड्डाले पनि सरकारी बाँकी सरहको कारबाई गरी असुल उपर गर्नुपर्छ ।

द्रष्टव्य :- (१) नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरु :
"गजेट", "रिर्पोट", "अफिसर", र "अफिस" को सट्टा "राजपत्र", "प्रतिवेदन", "अधिकृत" र "कार्यालय" ।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# अनुसूची (क)

नियम ३ बमोजिम दाखिल गर्नु पर्ने विवरण

सम्पत्ति कर
सं.नं. ७(क)

श्री सम्पत्ति कर अधिकृत,

... .... ...... ....

महाशय,

सम्पत्ति कर ऐनको दफा ४ र सम्पत्ति कर नियम ३ बमोजिम मैले/हामीले तपसीलमा लेखिए बमोजिमको विवरण दाखिल गरेको छु, छौं । सो ऐन र नियम बमोजिम सम्पत्ति कर निर्धारण होस्, मैले/हामीले कर निर्धारण आदेश पाएको मितिले ऐनको म्यादभित्र तोकिएको ठाउँमा बुझाउनु पर्ने कर बुझाउँला ।

तपसिल

घर जग्गाको विवरण ... ... ... ...

(१) मेरो/हाम्रो यस संस्थाको घर जग्गाको संख्याः .... ...

(२) हरेक घर जग्गाको विवरणः ... ... ...
करको निमित्त विभाजन गरिएको अञ्चल नं.. ... ...

टोलको नाउँ ... .... ... ... घर नम्बर ... ... ... साथै नत्थी गरिएको नक्शा बमोजिम

घरको लम्वाई ... ... फुट चौडाई ... ... फूट जम्मा तलाको

संख्या ... ...

जमीन तलाको उँचाई ,,

पहिला तलाको उँचाई ,,

दोस्रो तलाको उँचाई ,,

तेस्रो तलाको उँचाई ,,

चौथो तलाको उँचाई ,,

माटोले जोडेको वा बज्रले जोडेको .. ...

कुन सालमा बनेको ... ...

सडकको दायाँ बायाँ परेको भए सडकको नाउँ ... ...

घरको साथमा खाली जग्गा भए त्यसको लम्बाई ... ... फूट, चौडाई, फुट क्षेत्रफल वर्ग फुट हालसाल खरीद भएकोमा कुन सालमा खरीद भएको मोल... ...

रजिष्ट्रेशन पास भएको कागजको नक्कल नत्थी गर्ने घर जग्गाको कुनै भाग बिक्री भएको भए नक्शाको कुन भाग हो चिह्न लगाउनु होला ।

यस्तो भागको लम्बाई चौडाई

बिक्री मोल रु. ... ... ...

किन्नेको नाउँ, थर, वतन ... ... ....

रजिष्ट्रेशन पास भएको कागजको नक्कल नत्थी गर्ने ।

यो घर बहालमा दिएको भए, बहालमा लिनेको नाउँ, थर बहालमा दिएको मिति ...

(३) यस्तै अरु घर जग्गाको पनि विवरण पेश गर्ने

(४) धेरै जना अंशियार भए अंशियारहरूको ... ...

नाम ... ...

उमेर ... ...

मुख्य मानिससंगको सम्बन्ध ... ...

सम्पत्तिको कति अंक ... ...

नाम ... ...

उमेर ... ...

मुख्य मानिसको सम्बन्ध ... ...

सम्पत्तिको कति अंक ... ...

अंश बण्डाको रजिष्ट्रेशन पास भएको कागजको नक्कल नत्थी गर्ने ।

माथि लेखिए बमोजिमको मेरा/हाम्रो यस संस्थाको/घर जग्गाको विवरण विलकूल साँचो हो झुट्ठा ठहरे सम्पत्ति कर ऐन नियम र प्रचलित कानुन बमोजिम दण्ड सजाय सहूँला बुझाउँला ।

विवरण पेश गरेको मिति ... ...

दस्तखत

दस्तखत गर्नेको पूरा नाम, थर र दर्जा

दस्तखत गर्नेको ठेगाना

करदाताको नाम

करदाताको ठेगाना

नेपाल कानून आयोग

# अनुसूची (ख)

नियम ३ बमोजिम दाखिल गर्नुपर्ने विवरण

सं. नं. (ख)

श्री सम्पत्ति कर अधिकृत,

महाशय,

सम्पत्ति कर ऐनको दफा ४ र सम्पत्ति कर नियम ३ बमोजिम मैले/हामीले तपसीलमा लेखिए बमोजिमको विवरण दाखिल गरेको छु, छौं । सो ऐन र नियम बमोजिम सम्पत्ति कर निर्धारण होस्,। मैले/हामीले कर निर्धारण आदेश पाएका मितिले ऐनको म्यादभित्र तोकिएको ठाउँमा बुझाउनु पर्ने कर बुझाउँला ।

<u>तपसिल</u>

विदेशी लगानीको विवरण

(१) नगदी

| सि.नं. | लगानीको विवरण | | विगत श्रावण १ गतेको बजार दरले मोल | सरकारी दरले ने.रु. |
|---|---|---|---|---|
| | ठाउँ | करेन्सीको नाउँ लगानी अङ्क | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

द्रष्टव्यः विगत श्रावण १ गतेका वजार भाउको प्रमाण पेश हुनुपर्छ ।

(घ) घर जग्गा

| सि.नं. | लगानीको विवरण | | रेण्टल भ्याल्यू अनुसारको मोल | सरकारी दरले मोल ने.रु. मा |
|---|---|---|---|---|
| | ठाउँ | हरेक घर जग्गाको रेण्टल भ्याल्यू | | |
| १.<br>२.<br>३.<br>४. | | | | |

द्रष्टव्यः- घर जग्गाको नक्शा नत्थी हुनुपर्छ ।

रेण्टल भ्याल्यूको प्रमाण नत्थी गर्नुपर्छ ।

धेरै जना अंशियार भए

अंशियारहरूको नाम नामेसी

नाम ... ... ...

उमेर ... ... ...

मुख्य मानिससंगको सम्बन्ध

सम्पत्तिको कति अंश

नाम ... ... ...

मुख्य मानिससंगको सम्बन्ध

सम्पत्ति कति अंश

अंशबण्डाको रजिष्ट्रेशन पासको कागजको नक्कल नत्थी हुनुपर्छ ।

(ग) माथि लेखिए बमोजिमको मेरो/हाम्रो/यस संस्थाको सम्पत्तिको विवरण विलकूल साँचो छ झूट्ठा ठहरे सम्पत्ति कर ऐन नियम र प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

विवरण पेश गरेको मिति

दस्तखत

दस्तखत गर्नेको नाम दर्जा

करदाताको नाम

ठेगाना

नेपाल कानून आयोग

# अनुसूची (ग)

नियम ५(१) (क) सँग सम्बन्धित

| घरको बनोटको किसिम | गरको प्लानको प्रति वर्ग फूटको प्रति तलाको औसत लागत खर्च | | कैफियत |
|---|---|---|---|
| | ७ फूट र सो मुनिको उँचाईको तला | ७ फूट माथिको उँचाईको तला | |
| १. माटोको जोडाइ<br>२. बज्रको जोडाइ | रु.<br>रु. | रु.<br>रु. | |

अनुसूची (घ)

नियम ५ (१) (ख) संघ सम्बन्धित

| अञ्चल | अञ्चलको सीमाना | खण्ड (क) बमोजिम तैयार गरेको औसत लागत खर्चको आँकडामा कति प्रतिशत महत्व अङ्क थप्ने | कैफियत |
|---|---|---|---|
| १ | उत्तर दक्षिण पूर्व पश्चिम | | |
| २ | उत्तर दक्षिण पूर्व पश्चिम | | |
| ३ | उत्तर दक्षिण पूर्व पश्चिम | | |
| ४ | उत्तर दक्षिण पूर्व पश्चित | | |

# अनुसूची (ङ)

नियम ५ (१) (ग) संघ सम्बन्धित

| सडकको नाउँ | सडकको शुरु र पुछारको सीमाना | दायाँ बायाँ घर जग्गालाई खण्ड (ख) को आँकडाको कति प्रतिशत थप गर्ने | कैफियत |
|---|---|---|---|
| १.<br>२.<br>३. | | | |

नेपाल कानून आयोग

# अनुसूची (च)

नियम ५ (१) (घ) सँग सम्बन्धित

| घरको बनोट | डिप्रिशिएसन प्रतिवर्ष खण्ड (क)को प्रतिवर्ष कतिप्रतिशत कट्टी गर्ने | बढी से बढी कति वर्षसम्म कट्टी गर्ने | कैफियत |
|---|---|---|---|
| १.माटोको जोडाई<br>२.बज्रको जोडाई | | | |

नेपाल कानून आयोग

# अनुसूची (छ)

अञ्चल कर अधिकृतको नाम ... ... सम्पत्ति कर

सूचक संख्या ... ... सं.नं. ६(क)

<u>घर जग्गा कर निर्धारण फाराम</u>

सि.नं. सम्पत्ति कर लाग्ने आर्थिक वर्ष ... ...

सम्पत्ति कर निर्धारण गर्ने ऐनको दफा ... ...

करदाताको सूचक संख्या ... ...

करदाताको नाम र वतन ... ...

| असामी | भूमिको क्षेत्रफल वर्ग फूटमा | मूल्याङ्कन | रजिष्ट्रेशन पासको मोल | कैफियत |
|---|---|---|---|---|
| घर नं. १ को<br>जमीन तला<br>पहिलो तला<br>दोस्रो तला<br>तेस्रो तला | | | | |
| जम्मा | | | | |
| घर नं. २ को<br>जमीन तला<br>पहिलो तला<br>दोस्रो तला<br>तेस्रो तला | | | | |
| जम्मा | | | | |
| | | | | |

जम्मै घरको मोल



नेपाल कानून आयोग

(क) रजिष्ट्रेशन पास भई अंश बण्डा नभएको भए यसको जम्मा कर ...
दण्ड जम्मा ने. रु. अक्षरुपि

(ख) रजिष्ट्रेशन पास भई अंश बण्ड भएको भए

| अंशियारको नाम | प्रत्येकको अंश | सम्पत्ति कर | दण्ड | जम्मा | अक्षेरुपी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| जम्मा | | | | | |

सम्पत्ति कर निर्धारण आदेशको मिति ... ... ... दस्तखत

सम्पत्तिका कर अधिकृत

अञ्चल सम्पत्ति कर अधिकृतको नाम

नेपाल कानून आयोग

# अनुसूची (ज)

नियम ६ (२) सँग सम्बन्धित

अञ्चल कर कार्यालयको नाम                                        सम्पत्ति कर

सूचक संख्या                                        सं. नं. ६(ख)

विदेशी लगानी कर निर्धारण फाराम

सम्पत्ति कर लाग्ने आर्थिक वर्ष ... ...

सम्पत्ति कर निर्धारण गर्ने ऐनको दफा ... ...

करदाताको सूचक संख्या ... ...

करदाताको नाम र वतन ... ...

| असामी | श्रावण १ गतेको बजार दर | सो दरले जम्मा अङ्क | त्यसको जम्मा ने.रु. | कैफियत |
|---|---|---|---|---|
| (क) विदेशी लगानी १.<br>२.<br>३. | | | | |
| जम्मा | | | | |
| (ख) घर जग्गा | रेण्टल भ्याल्यू | सो दरले जम्मा | त्यसको जम्मा ने.रु. | कैफियत |
| १.<br>२.<br>३. | | | | |

क र ख को जम्मा                                        अक्षेरुपी

(१) रजिष्ट्रेशन पास भई अंशबण्डा नभएको भए यसको जम्मा कर

दण्ड                                        जम्मा ने.रु.    अक्षेरुपी



नेपाल कानून आयोग

रजिष्ट्रेशन पास भई अंशबण्डा भएको भए

| अंशियारको नाम | प्रत्येकको अंश | सम्पत्ति कर | दण्ड | जम्मा | अक्षेरुपी |
|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४. | | | | | |
| जम्मा | | | | | |

सम्पत्ति कर निर्धारण आदेश मिति        दस्तखत-

सम्पत्ति कर अधिकृत

अञ्चल कर निर्धारण कार्यालयको नाम

टिप्पणीः- नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा "गजेट", "रिपोर्ट", "अफिसर" र "अफिस" को सट्टा "राजपत्र", "प्रतिवेदन", "अधिकृत" र "कार्यालय", नगर पञ्चालय ऐन, २०१९ द्वारा "म्यनिशिपल्टी" को सट्टा "नगर पञ्चायत" र स्थानीय प्रशासन ऐन, २०२२ द्वारा "बडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" र "गढी गौडा गोश्वारा" को सट्टा "अञ्चलाधीश कार्यालय" राखी रूपान्तर गरिएको छ ।

नेपाल कानून आयोग